nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

27°C । वर्ष :११, अंक : ३५ पृष्ठ ४ । सोमबार,०६ असोज २०८२ । MONDAY, SEPTEMBER 22, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैया

## बीरगन्जमा हैजा पुन: फैलिँदै, एक महिनापछि पनि स्रोत अज्ञात

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०५ असोज ।***

बीरगन्जमा हैजाको संक्रमण फेरि बढ्दै गएको छ। एक महिनादेखि देखापरेको रोग नियन्त्रणमा आउन नसक्दा पछिल्लो तीन-चार दिनयता बिरामीको संख्या पुन: उकालो लागेको हो। बीरगन्ज महानगरपालिकाले शनिबार साँझ सार्वजनिक गरेको तथ्यांकअनुसार महानगरमा मात्रै संक्रमितको संख्या २१९ पुगेको छ। पोखरिया अस्पतालमा थप १ संक्रमितसँगै त्यहाँको संख्या १८ पुगेको छ। दुवै स्थान मिलाउँदा हालसम्म पर्सा जिल्लामा २३७ जनामा हैजा पुष्टि भएको छ। पछिल्ला २४ घण्टामा मात्रै बीरगन्ज र पोखरियामा २७ नयाँ बिरामी थपिएका छन्। हालसम्म १ हजार ४५१ जना झाडापखाला तथा हैजा बिरामीमध्ये १ हजार ४२१ निको भएर घर फर्केका छन्। ३० जना अझै उपचाररत छन्, जसमा २ आईसियुमा, १ एचडियुमा र बाँकी २७ जनरल वार्डमा भर्ना छन्। नारायणी अस्पतालका प्रवक्ता



डा. उदयनारायण सिंहका अनुसार पछिल्ला दिनमा दैनिक २०-२२ जना बिरामी आउँछन्, जसमा केहीमा हैजा पुष्टि हुन्छ। सुरुमा प्रभावित वडा ११ र १२ का बिरामी फेरि-फेरि अस्पताल आउन थालेका छन्। 'निको भएर गएकाहरू पनि दोहोरिएर फर्किन थालेका छन्, यसले उनीहरूले खाने पानीमै समस्या रहेको देखाउँछ,' उनले बताए। वर्षा सुरु भएसँगै नालामा रहेको हैजाको ब्याक्टेरिया खानेपानीको पाइप लिकेज हुँदै घरमा मिसिने आशंका चिकित्सकहरूले व्यक्त गरेका छन्। सामान्यतया हैजाको जीवाणु पाँच दिनसम्म पानीमा जीवित रहने भएकाले सतही प्रदूषणको असर बढेको उनीहरूको भनाइ छ। संक्रमण सुरु भएको महिनौं बितिसक्दा पनि यसको मूल स्रोत भने पत्ता लागेको छैन। विभिन्न निकायले वीरगन्ज, जनकपुर र काठमाडौंमा नमूना परीक्षण गर्दा

बाँकी तेश्रो पृष्ठमा

## बीरगंजको ऐतिहासिक गहवामाई मन्दिरमा दसैंको रौनक सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०५ असोज ।***

बीरगन्जको ऐतिहासिक शक्तिपीठ गहवामाई मन्दिरमा भोलिदेखि सुरु हुने बडादसैंका लागि भव्य तयारी पूरा भएको छ। मन्दिरलाई आकर्षक रूपमा सजाइएको छ र घटस्थापनासँगै दर्शनार्थीको ठूलो भीड लाग्ने अनुमान गरिएको छ। माइस्थान सञ्चालक समितिले दर्शनार्थीको सुविधा र सुरक्षालाई मध्यनजर गर्दै विशेष व्यवस्था गरेको छ। भीड व्यवस्थापनका लागि सीसीटीभी क्यामेरा जडान गरिएको छ भने नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयंसेवकहरू खटाइएको छ। सुरक्षा व्यवस्थालाई थप बलियो बनाउन ड्रोनमार्फत पनि निगरानी गर्ने तयारी गरिएको छ। सुरक्षा र व्यवस्थापनमा सहजता ल्याउन मन्दिर परिसरभित्र मोबाइल फोनको प्रयोग, टिकटक बनाउने, तस्बिर र भिडियो खिच्न पूर्ण प्रतिबन्ध



लगाइएको छ। समितिका अध्यक्ष नरेन्द्र साहले दर्शनार्थीहरूलाई महँगा गरगहना नलगाउन, बालबालिकाको विशेष ख्याल राख्न र कुनै समस्या परेमा समितिमा सम्पर्क गर्न आग्रह गरेका छन्। दसैंको अवसरमा गहवामाई मन्दिरमा लाग्ने मेलामा पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन लगायत नेपालका विभिन्न जिल्ला र भारतको बिहार तथा उत्तर प्रदेशबाट समेत भक्तजनहरू आउने गर्छन्। विशेषगरी फूलपातीदेखि नवमीसम्म मेला निकै रमाइलो हुने गर्छ।

परम्परा अनुसार अष्टमीको दिन परेवा, खसी र बोकाको बलि दिने चलन रहेको छ। इतिहासकारका अनुसार गहवामाई मन्दिरमा सयौं वर्षदेखि दसैंको अवसरमा मेला लाग्दै आएको छ, जसले यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्व झल्काउँछ।

## जेन-जी आन्दोलनका क्रममा बीरगन्जको आन्तरिक राजस्व कार्यालयमा एक करोड बराबरको क्षति

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०५ असोज ।***

जेन-जी आन्दोलनका क्रममा अराजक समूहबाट गरिएको तोडफोड र आगजनीका कारण बीरगन्ज महानगरपालिका-१०, घडिअर्वास्थित आन्तरिक राजस्व कार्यालयमा करिब एक करोड रुपैयाँ बराबरको क्षति पुगेको छ। गत भदौ २४ गते आन्दोलन उग्र बन्दै जाँदा आन्दोलनकारी समूहले कार्यालयमा तोडफोड गर्नुका साथै आगजनी गरेका थिए। उक्त घटनामा भवन बाहेक कम्प्युटर, प्रिन्टर, स्क्यानर, युपिएस जस्ता विद्युतीय उपकरणहरू पूर्ण रूपमा नष्ट भएको प्रारम्भिक विवरण सार्वजनिक गरिएको छ। आन्तरिक राजस्व कार्यालयका सूचना अधिकारी रामेश्वरकुमार मिश्रले दिएको जानकारीअनुसार, "करिब एक करोड रुपैयाँ मूल्य बराबरका विद्युतीय उपकरणमा क्षति पुगेको अनुमान गरिएको छ। कर संकलन शाखामा सबैभन्दा धेरै क्षति भएको छ।




कम्प्युटर, प्रिन्टरलगायत सामग्रीहरू जलेका छन् र केही लुटपाट पनि भएको छ।" कार्यालयका अनुसार, भवनको तल्लो तलामा रहेका अधिकांश कोठाहरूमा आगजनीको असर परेको छ। तीमध्ये एउटा कोठा पूर्णरूपमा जलेर नष्ट भएको छ। यस्तो क्षतिको कारण आन्तरिक राजस्व कार्यालयको दैनिक कर संकलन कार्य, अभिलेख व्यवस्थापन र सेवाप्रवाहमा ठूलो बाधा पुगेको छ। सेवा सुचारु गर्न वैकल्पिक उपायको खोजी भइरहेको जनाएको छ। गत भदौ महिनामा सुरु भएको जेन-जी आन्दोलन क्रममा बीरगन्ज लगायतका क्षेत्रहरूमा विभिन्न सरकारी निकाय, सार्वजनिक सम्पत्ति र पूर्वाधारहरूमा क्षति पुऱ्याउने कार्यहरू भएका थिए। आन्तरिक राजस्व कार्यालयमा भएको क्षति अहिलेसम्मकै सबैभन्दा ठूलो आर्थिक नोक्सानीमध्ये एक भएको अधिकारीहरू बताउँछन्। प्रशासनले घटनापछि प्रारम्भिक मूल्यांकन सुरु गरिसकेको छ भने विस्तृत क्षतिको विवरण संकलन कार्य जारी रहेको छ। स्थानीय प्रशासन र प्रहरीद्वारा घटनामा संलग्नहरू पहिचान गर्ने अनुसन्धान भइरहेको छ।

## बीरगन्जमा अबैध कपडा सहित ई-रिक्सा बरामद

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०५ असोज ।***

सशस्त्र प्रहरी बल, नेपाल नं। १३ गण (हे।क्वा।) ले वीरगञ्जमा अबैध रूपमा भन्सार छली ल्याइएका कपडा सहित ई-रिक्सा नियन्त्रणमा लिएको छ। शुक्रबार साँझ वीरगञ्ज महानगरपालिका-१४ गण्डकचोक नजिक सशस्त्र प्रहरी दिपेश चौधरीको नेतृत्वमा खटिएको सात जनाको गस्ती टोलीले मधेश प्रदेश ०३-००१ ह २७६९ नम्बरको ई-रिक्सा भारततर्फबाट ल्याइएका कपडा लोड गरी परवानीपुरतर्फ लैजाँदै गरेको अवस्थामा पक्राउ गरेको हो। सशस्त्र प्रहरीले जनाएको अनुसार, उक्त ई-रिक्सामा करिब रु। ५० हजार बराबरको विभिन्न




प्रकारका कपडा र रु। ३ लाख बराबरको ई-रिक्सा समेत रहेको छ। कुल मूल्य करिब रु। ३ लाख ५० हजार बराबरको सामान बरामद गरिएको छ। चालक भने प्रहरीले देख्नेबित्तिकै फरार भएको बताइएको छ। बरामद गरिएको कपडा र ई-रिक्सा आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा बुझाउने प्रक्रिया अघि बढाइएको छ।

## मुख्यमन्त्री सिंहको राजीनामा प्रकरणले मधेश राजनीति तातेको

***जनकपुर,०५ असोज ।***

जेन-जी आन्दोलनपछिको राजनीतिक उथलपुथलबीच मधेश प्रदेशमा सत्ता फेर्ने कसरत तीव्र बनेको छ। आन्दोलनकै बीचमा जनमत पार्टी अध्यक्ष डा. चन्द्रकान्त (सीके) राउतको निर्देशनअनुसार मुख्यमन्त्री सतिशकुमार सिंहले २४ भदौमा सामाजिक सञ्जालमार्फत राजीनामा घोषणा गरेका थिए। तर प्रदेश प्रमुख अनुपस्थित रहँदा राजीनामा औपचारिकरूपमा बुझाउन सकेका थिएनन्। यसबीचमा जनमत संसदीय दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएको घोषणा गर्दै मुख्यमन्त्रीलाई फिर्ता बोलाएको थियो। यही कारणले मुख्यमन्त्री सिंहसँग सम्बन्ध चिसिएको हो। राजीनामा गर्ने घोषणा गरेका सिंह पछि दल र गठबन्धनका नेतासँग परामर्शपछि भने पद नछोड्ने पक्षमा उभिएका छन्। उनी अहिले विश्वासको मत लिएर सरकार निरन्तरता दिने रणनीतिमा छन्। जनमतका प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले सिंहलाई पद लोलुप भएको



आरोप लगाउँदै पार्टी निर्देशन उल्लंघन गरेको भन्दै निष्कासन प्रक्रिया अघि बढाइएको बताएका छन्। उनले भने, "पार्टीले छोड भनेपछि एक मिनेट पनि पदमा बस्नु हुँदैन।" तर एमाले, कांग्रेस र लोसपासँग गठबन्धनमा रहेका मुख्यमन्त्री सिंहले राजीनामा नगरी संघीयतालाई जोगाउन पदमा बस्ने निर्णय गरेको दावी गरेका छन्। सिंहका अनुसार गठबन्धन दलहरूको आग्रहमा उनले राजीनामा नगरेको र अब विश्वासको मत लिएर अघि बढ्ने तयारीमा छन्। मधेश प्रदेशमा १०७ सांसदमध्ये केही निलम्बित रहेकाले हाल प्रभावकारी संख्या १०४ छ। सिंहले गठबन्धन दलको समर्थनसहित विपक्षीबाट पनि मत तान्ने रणनीति बनाएका छन्। सत्ता साथि एमाले र कांग्रेस दुवैले मधेशमा सरकार ढले अन्य प्रदेशमा समेत असर पर्न सक्ने भन्दै सिंहकै निरन्तरतामा चासो देखाएका छन्। यसबीचमा जनमतभित्र भने आन्तरिक खटपट अझै गहिरिँदै गएको छ। नेता महेश यादव मुख्यमन्त्री बन्नुपर्ने दाबी गर्दै आएको पृष्ठभूमिमा अध्यक्ष राउतले सिंहलाई अघि सारेपछि असन्तुष्टि बढेको विश्लेषण गरिएको छ। राजनीतिक जानकारहरूको भनाइमा, सिंहले पद नछोडी विश्वासको मतमा जाने निर्णयले मधेश प्रदेशको

बाँकी तेश्रो पृष्ठमा

## नेपालमै पहिलो पटक बीरगन्जमा घटस्थापनाका दिन "चुनरी यात्रा" निकालिदैं

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०५ असोज ।***

असोज:दशैंको पहिलो दिन घटस्थापनामा अर्थात नवरात्रा सुरु हुने दिन सोमबार नेपालमै पहिलो पटक वीरगन्जमा 'चुनरी यात्रा' निकालिने भएको छ। दशैंको नवरात्रामा गहवामाईलाई चढाउनका लागि विश्व हिन्दु परिषद्ले नेपालमै पहिलो पटक वीरगन्जमा 'चुनरी यात्रा' निकाल्न लागेको हो। 'चुनरी यात्रा' का तयारी बारे जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा विश्व हिन्दु परिषदका वीरगन्ज महानगर समितिका सचिव




दिपेन्द्र कुमार सर्राफले गहवामाईलाई चढाइने १५१ मिटर लामो चुनर 'सिहितको 'चुनरी यात्रा' सोमबार अपरान्ह ३ बजेदेखि गहवमाई मन्दिरबाट सुरु हुने जानकारी दिए। करिब १ हजार ५ सय जना भक्तजनहरुले हातमा बोकेर निकाल्ने 'चुनरी यात्रा' नगर परिक्रमापछि पुनः माईस्थानस्थित गहवामाईमै

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

# शान्तिका लागि दण्डहीनताको अन्त्य

आज अन्तर्राष्ट्रिय शान्ति दिवस । संयुक्त राष्ट्रसंघले सन् १९८१ देखि मनाउँदै आएको शान्ति दिवसको यस वर्षको नारा 'शान्तिपूर्ण संसारका लागि अहिले नै कदम चालौं' रहेको छ । ठिक यसैबेला हामी भने ७२ युवाको ज्यान जानेगरी भड्किएको आन्दोलनपछिको संक्रमणकालीन चरणमा प्रवेश गरेका छौं । आन्दोलनका माग सम्बोधन गर्ने र युवा शक्तिलाई साथैमा लिएर राष्ट्रनिर्माणमा जुट्नुपर्नेबेला छ । पुनः एकपटक शान्ति, सद्भाव र एकताका लागि सिंगो नेपाल एकठाउँ उभिने समय आएको छ । एक दशक लामो सशस्त्र द्वन्द्व र मधेस आन्दोलनपछिको संक्रमणकाल नटुंगिँदै भर्खरै जेनजी आन्दोलन भडिकएर उत्पन्न अशान्ति थपिएको छ । माओवादी विद्रोह (२०५२-२०६३) अन्त्य भएको दुई दशक बित्दासमेत द्वन्द्वपीडितहरूले संक्रमणकालीन न्याय पाउन सकेका छैनन् । लामो विलम्बपछि गठन भएका सत्य निरुपण तथा बेपत्ता आयोग गठन हुने र विघटन हुने क्रम चलिरह्यो । पछिल्लो समय गठन भएको आयोग पनि विवादरहित छैन । त्यसमाथि जेनजी आन्दोलनपछिको नयाँ परिस्थितिमा आयोगले कसरी काम गर्छ त्यो पनि प्रतीक्षाको विषय रहेको छ ।एउटा संक्रमणकाल राम्ररी नटुंगिँदै मुलुक अर्को संक्रमणकालमा प्रवेश गरेको छ । खासगरी २३-२४ भदौमा भएको राज्य दमन र भड्किएको हिंसाको न्यायिक छानबिन गरी घटनाको सत्यतथ्य बाहिर ल्याउनुपर्ने दायित्वसहित अन्तरिम सरकार बनेको छ । सरकारले छिट्टै पूर्णता पाउने र न्यायिक छानबिनका लागि उच्चस्तरीय आयोग गठन हुने अपेक्षा गरिएको छ । सो आयोगले ७३ व्यक्तिको ज्यान गएको घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि आवश्यक कारबाही गरोस् । विगतमा २०४६ र २०६२/६३ का जनआन्दोलन, माओवादीको द्वन्द्वकालीन हिंसा र दमनका दोषीमाथि कुनै कारबाही भएन । त्यसले मुलुकमा दण्डहीनता मौलाउँदै गयो । तर यसपटक भने त्यस्तो नहोस् । जेनजी आन्दोलनमा अस्वाभाविक दमन गर्नेहरू, राष्ट्रिय सम्पदा र सम्पत्तिमा आगजनी गरी क्षति पुऱ्याउने मात्र होइन, नियोजित ढंगले तोडफोड र लुटपाटमा संलग्नहरूमाथि समेत कानुनी कारबाही हुनुपर्छ । त्यसले मात्र समाजमा मौलाउँदै गएको दण्डहीनताको अन्त्यमा मद्दत गर्न सक्छ । कानुनी राज्य र शान्ति सुरक्षा तथा सुव्यवस्था निर्माण गर्दछ । सबैभन्दा महत्वपूर्ण पक्ष असन्तुष्ट नयाँ पुस्ताका जायज माग सम्बोधन गरेर थप द्वन्द्व तथा अशान्तिबाट मुलुकलाई जोगाउनु आवश्यक छ ।

# परजीवी समूहले बनायो आन्दोलनलाई विध्वंस

**किशोर नेपाल**

जेन-जी (जेन-जेड) पुस्ताको नाममा भएको आन्दोलन नेपालमा अहिलेसम्म भएका आन्दोलनमध्ये सबभन्दा विनाशक सावित भयो । सिंहदरबार, शीतल निवास र सर्वोच्च अदालत जस्ता ऐतिहासिक महत्त्वका भवनहरू आन्दोलनको तारो बने । राजनीतिको नेतृत्व तहमा बसेका व्यक्तित्वहरूको हुर्मत लिने काम भयो । आन्दोलन सुरक्षा नियन्त्रणको घेराबाट बाहिरियो । देशका प्रायः सबै सहर बजारमा फैलिएको यो आन्दोलनको तापले जनजीवन अस्तव्यस्त र आतंकित भयो । जेन-जी आन्दोलनको आवरणमा लुकेका विभिन्न समूह लोकतान्त्रिक व्यवस्थालाई पंगु बनाउन उद्यत भए । जनतासँग बाझेर, जिस्केर, हाँसेर, रिसाएर नेपाली नागरिकको सुरक्षा व्यवस्थामा निरन्तर जुट्ने प्रहरी जवानहरू निरीह भावले विनाशका ती घटनालाई टुलुटुलु हेर्न बाध्य भए । उनीहरूसँग रहेका आन्दोलनको प्रतिकार गर्ने हतियार चुस्त थिएनन् । आन्दोलनका नाममा राष्ट्रका धरोहर मानिने ऐतिहासिक भवनसँगै त्यहाँ रहेका देशका महत्त्वपूर्ण कागजपत्रहरू जलिरहे । रहस्यमय ढंगले गोली चलिरहे । जनताका छोरा-छोरी मरिरहे । गोली कसले चलाएको थियो ? प्रहरीसँग त्यति घातक हतियार नै थिएन । राष्ट्रिय सुरक्षाका लागि लड्ने हाम्रो 'गौरवशाली' सेनाका जवानलाई 'हेडक्वार्टर' को आन्दोलनमा हस्तक्षेप गर्ने आदेश नै थिएन । सैनिक जवानहरू



घटनास्थलमा तमासेका रूपमा मात्र देखिएका थिए । अनि, विध्वंसले सबै सम्पदा खरानी पारिसकेपछि, नेपाली सेनाका प्रमुख 'देशलाई संकटबाट बचाउन' राष्ट्रपतिको राजीनामा माग्न ध्वस्त भइसकेको शीतल निवास पुगे । नेपाली सेनाका परमाधिपतिका रूपमा रहेका राष्ट्रपतिसँग राजीनामा माग्ने हैसियत हुँदैन सेनापतिको । तर, चरम संकटको त्यो अवस्थामा सेनापतिको दबाबमा राष्ट्रपति राजीनामा दिन तयार हुने सोच नै गलत थियो । लोकतान्त्रिक आन्दोलनको रापतापले खारिएका, नेपाली राजनीतिका नैतिक र निष्ठावान् व्यक्तित्व राष्ट्रपतिले सेनाले 'सम्मानपूर्वक' दिएको आदेश मान्ने कुरै थिएन । त्यसपछि जे भयो, त्यो त खुला किताब जस्तै छ । समस्याको तत्काल समाधानका लागि प्रधानमन्त्रीका रूपमा मानव अधिकारकर्मी तथा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउन सहमत हुनुभयो, राष्ट्रपति । उहाँ प्रतिनिधिसभा विघटनको पक्षमा हुनुहुन्थेन । तर, सुशीला कार्की र सेना प्रमुखको ढिपीमा २०८२ फागुन २१ गते प्रतिनिधिसभाको ताजा चुनाव गराउने दायित्वका साथ कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनिन् । संकटको पहिलो चरण सकियो । संकट समाधानका लागि दोस्रो चरण सुरु भएकै छैन । यो तथ्य त अब स्पष्ट भइसकेको छः केही घण्टामा नै जेन-जीको आन्दोलन अराजक तत्त्वहरूले खोसेका थिए । जेन-जी आन्दोलनलाई हत्याउनेमा भ्रष्ट नेताहरू, चिनिएका ठगहरू, दलाल व्यवसायीहरू र आफूलाई समाज सुधारकका रूपमा प्रस्तुत गर्ने पाखण्डी नेताहरू, राजावादीहरू र अराजक समूह बनाएर उद्योगी, व्यवसायी, बैंक र अन्य आर्थिक प्रतिष्ठानलाई लुट्ने तत्त्व थिए । कार्की नेतृत्वको सरकारले बिनापूर्वाग्रह आन्दोलनमा भएका घटनाहरूको गम्भीर र निष्पक्ष छानबिन गराउने हो भने धेरै गम्भीर षड्यन्त्रहरूको पर्दाफास हुनेछ । ६ महिनामा संसद्को चुनाव गराउने सर्तका साथ प्रधानमन्त्री बनेकी सुशीला कार्कीले नेपालको राजनीतिक परिदृश्यमा फैलिँदै गएको अराजक तत्त्वको जालो तोड्नु त कठिन छ । तर, त्यसलाई उजागर गर्न कठिन छैन ।

सन् १९९७ देखि २०१२ का बीच जन्मिएको युवा जमात जेन-जीका नामले चिनिन्छ । प्रविधिको विकास सँगसँगै हुर्किएको यो पुस्ताको अधिकांश समय इन्टरनेटमा खुला तवरमा नदेखिने वास्तविक घटनाहरू केलाउनमा नै बित्दछ । यो पुस्ताको मुख्य चासो 'ग्लोबल वार्मिङ', जलवायु परिवर्तन, युद्धका प्रभाव र दुष्प्रभावहरू, मानवअधिकार, 'आइडेन्टिटी' को संकट जस्ता कुरामा रहेको हुन्छ । यी विषय स्थानीय र राष्ट्रिय महत्त्वका मात्र नभएर अन्तर ाष्ट्रिय महत्त्व र चासोका विषयका रूपमा स्थापित भइसकेका छन् । आजको दुनियाँमा एकातिर प्रविधिले सूचनामा मानिसको पहुँच सहज बनाएको छ भने अर्कोतिर प्रतिस्पर्धा पनि उत्तिकै बढाएको छ । जेन-जी पुस्ताले अहिले यही समस्याको सामना गरिरहेको छ । तर हाम्रो देशमा भएको विध्वंसक आन्दोलनको 'जेन-जी' भावनासँग तात्त्विक सम्बन्ध रहेको देखिँदैन । खास गरेर, हाम्रो संघीय राजधानी सहरका तन्नेरी पुस्ताहरू यो वा त्यो काम भनेर हेर्दैनन् । स्नातक तह उत्तीर्ण एउटा तन्नेरी देशमा रोजगारी नपाएपछि विदेश जाने क्रममा काठमाडौं आउँछ । भिसा नआउन्जेल ठीकठीकैको कुनै क्याफे वा रेस्टुराँमा पूरै दस घण्टा काम गर्दछ । भिसा कहिले आउँछ ?

बाँकी तेश्रो पृष्ठमा

# स्विट्जरल्याण्डको संघीयताबाट सिक्नुपर्ने पाठ

**खिमलाल देवकोटा**

संविधान जारी भएको १० वर्ष पुग्यो । तर, यसको विधिवत् कार्यान्वयन २०७४ को निर्वाचनबाट भएको हो । निर्वाचनले संघ, प्रदेश र स्थानीय तह अस्तित्वमा आए । सिंहदरबारमा मात्र केन्द्रित राज्यका अधिकारहरूको प्रयोग दूरदराजबाट पनि हुन थाल्यो । सानोतिनो कामका लागि केन्द्रमा धाउनुपर्ने परिस्थितिको अन्त्य भयो । आधाभन्दा बढी कर्मचारीहरू प्रदेश र स्थानीय तहमा गए । ठूलो वित्तीय स्रोत र साधन तल गयो । महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगतालगायत पछाडि परेका/पारिएका वर्ग र समुदाय राज्यको मूलप्रवाहमा आए । मुस्किलले १५/२० लाख बजेट बनाउने पालिकाहरू औसतमा ८० करोडसम्म बजेट परिचालन गर्न सक्ने स्थितिमा पुगे । २० वर्षसम्म चुनाव हुन नसकेको स्थानीय सरकारमा लोकतन्त्रको रक्तसञ्चार सुरु भयो । माओवादी आन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलनलगायतका कारण विस्थापितहरू थातथलो फर्कन थाले । द्वन्द्व, अन्योलतालगायतबाट थलित नेपालीहरूमा शान्तिको पुनर्बहालीका कारण खुसी छायो । यी उपलब्धिलाई नजरअन्दाज गर्न सकिँदैन । यसको पछाडिको मूल कारण नै २०७२ को संविधान हो । संघीयता, समानुपातिक समावेशिता, गणतन्त्र, विधिको शासन संविधानका आधारभूत स्तम्भ हुन् । यिनको सबलीकरण गर्दै संविधानको स्थायित्वमा लाग्नु नै अहिलेको प्रमुख आवश्यकता हो । संविधानको मूलभूत उद्देश्य स्थायी शान्ति, विकास, समृद्धि र सुशासन हो । तर, नागरिकको अपेक्षा र संविधानको भावनाअनुसार काम हुन नसक्दा नागरिकमा वितृष्णा थियो/छ ।

दलहरूको सत्तामोहका कारण सरकार परिवर्तन भइरहने, विभिन्न भ्रष्टाचारका काण्डहरूमा राजनीतिक दलका नेताहरू जोडिनुलगायतका कारण युवाहरूमा आक्रोश थियो/छ । त्यही आक्रोशको प्रतिबिम्ब नै जेन-जी आन्दोलन हो । जेन-जी आन्दोलनको प्रमुख माग नै सरकारको स्थायित्व र सुशासन अभिवृद्धि हो । नेताहरूले नेपाललाई सिंगापुर र स्विट्जरल्यान्ड बनाउँछौं भनेर पटक-पटक सत्तामा पुगे । तर, तत्परता देखाएनन् । स्विट्जरल्यान्डको जनसंख्या ९० लाख र भौगोलिक क्षेत्रफल जम्मा ४१ हजार वर्गकिमि छ । यो नेपालको जनसंख्या र भूगोल दुवैको तुलनामा ३.६ गुणाले कमी हो । भूगोलमा नेपालको कर्णाली प्रदेशभन्दा अलिकति ठूलो छ । अर्थशास्त्रको सिद्धान्तअनुसार, ठूलो भूगोल र धेरै जनसंख्या हुने देशको जीडीपी थोरै जनसंख्या र सानो भूगोल हुने देशभन्दा धेरै हुन्छ । तर, अन्तर्राष्ट्रिय मुद्रा कोषको आउटलुक डेटाबेस २०२५ अनुसार, नेपालको जीडीपीभन्दा स्विट्जरल्यान्डको जीडीपी २१ गुणाले धेरै छ । नेपालको जीडीपी ४८ अर्ब अमेरिकी डलर छ भने स्विट्जरल्यान्डको एक हजार अर्ब अमेरिकी डलर छ । प्रतिव्यक्ति आम्दानीको कुरा गर्ने हो भने नेपालको भन्दा ७५ गुणाले बढी स्विट्जरल्यान्डको छ ।

नेपालको १४८६ अमेरिकी डलर छ भने स्विट्जरल्यान्डको १ लाख ११ हजार ७१६ डलर छ । सामाजिक, आर्थिक, पूर्वाधार, मानव विकास, सुशासनलगायतका हरेक क्षेत्रमा स्विट्जरल्यान्डको लोभलाग्दो प्रगति छ । भ्रष्टाचारमा शून्य सहनशीलता छ । ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार भ्रष्टाचार कम हुने पाँचवटा मुलुकहरूमा स्विट्जरल्यान्ड पनि पर्दछ । जबकि नेपाल सबैभन्दा धेरै भ्रष्टाचार हुने मुलुकको श्रेणीमा पर्दछ । जनसंख्या र भूगोलमा सानो देशले जीडीपीलगायतमा गरेको फड्कोका बारेमा हाम्रा नेताहरूले कहिल्यै विचारविमर्श गरेनन् । आफूलाई बदलेनन् । भूगोलमा कर्णाली प्रदेशभन्दा अलिकति मात्र ठूलो स्विट्जरल्यान्डमा २६ वटा प्रदेश ( क्यान्टोन) छन् । यसै सन्दर्भमा स्विट्जरल्यान्डको संघीयताका विविध पक्षमा स्थलगत अनुभवका लागि भदौ महिनाको दोस्रो साता मसहित तीनै तहको राज्यसंरचनामा काम गर्ने केही पदाधिकारीहरूलगायत साथीहरू स्विट्जरल्यान्डको भ्रमणमा थियौं । आलेख स्विट्जरल्यान्डको संघीयताको केही आयामका बारेमा छ । जेन-जी आन्दोलका कारण शासकीय सुधारलगायतका विषयमा बहस भइरहेकाले स्विट्जरल्यान्डको सफलताको चर्चा गर्नु सान्दर्भिक हुन सक्छ ।सन् १८४८ सेप्टेम्बर १२ मा स्विट्जरल्यान्डको संविधान जारी भएको हो । संविधान जारीसँगै संघीयता सुरु भएको हो । स्विट्जरल्यान्डको संविधान र संघीयता १७७ वर्षदेखि जीवित छ । उनीहरूले संविधानलाई नागरिकहरूको भावनाअनुसार परिष्कृत गर्दै लगे । संविधान जारी गर्दा दुई तहको राज्यसंरचना बनाए । स्थानीय सरकारलाई प्रदेशको मातहतमा राखे । प्रदेशको मातहतमा भए तापनि स्विट्जरल्यान्डका स्थानीय सरकार पूर्ण स्वायत्त छन् । संघीय सरकार र प्रदेशले उनीहरूको स्वायत्ततामा हस्तक्षेप गर्दैनन् । सन्निकटताको सिद्धान्तको प्रयोग पूर्ण रूपमा छ । प्रदेशको मातहतमा भए तापनि स्थानीय पूर्वाधार विकास र सेवा प्रवाहका सबै कामहरू स्थानीय सरकारले नै गर्छन् । नेपालमा स्थानीय सरकारको अधिकार संविधानमा छ । तर, संघीय सरकारले स्थानीय सरकारका हरेक कामहरूमा हस्तक्षेप गर्ने गरेको छ । काम गर्ने कर्मचारी चाहियो भन्दै सिंहदरबारको चाकरीमा धाउनुपर्दछ । स्विट्जरल्यान्डमा नेपालकै जस्तो दुई सदनात्मक संसद् छ । प्रतिनिधिसभा (नेसनलन काउन्सिल) र राष्ट्रिय सभा (काउन्सिल अफ स्टेट) । दुवै संसद्को अधिकार बराबरी छ (धारा १४८) । राष्ट्रिय सभामा प्रदेश कानुनअनुसार निर्वाचित भएर आउँछन् । प्रदेशका सवालहरू राख्छन् । सांसदहरूलाई तलबसुविधा दिने व्यवस्था स्विट्जरल्यान्डमा छैन । बैठक भएको समयमा मात्र खास सुविधा पाउँछन् । राजनीतिलाई उनीहरूले पार्टटाइम जस्तो बनाएका छन् । संसद्को बैठकको समयमा जान्छन् । आफ्नो कुरा राख्छन् । अन्य समय आफ्नै पेसा व्यवसायमा रमाउँछन् । नेपालमा पनि सांसदहरूलाई यस्तै भूमिकामा राख्ने हो भने सांसदको गरिमा बढ्छ ।कानुनहरूको तर्जुमाको अतिरिक्त, स्विस संसद्ले राष्ट्रपति र मन्त्रीहरूको नियुक्ति, न्यायाधीशहरूको नियुक्ति, मुख्यसचिवको नियुक्ति, सेनाप्रमुखको नियुक्ति (युद्धको समयमा) आदि कामहरू गर्छ । सरकार र अदालतले गरेका कामहरूको अनुगमन गर्ने अधिकार संसद्को छ (धारा १६९) । अदालतका गतिविधिहरूको पनि

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## टिकटकको अमेरिकी बोर्डमा अमेरिकाकै प्रभुत्व: ट्रम्पसँगको वार्तामा सीले जनाए सहमति

***काठमाडौं,०५ असोज ।***




चिनियाँ मूल कम्पनी बाइटडान्सले टिकटकको अमेरिकी सञ्चालन बेच्ने सम्झौताले अमेरिकीकै नियन्त्रणमा रहेको नयाँ बोर्ड गठन गर्ने भएको ह्वाइट हाउसले जनाएको छ । ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेभिटका अनुसार संयुक्त राज्य अमेरिकामा एप सञ्चालन गर्ने सात सदस्यीय बोर्डमा छ जना अमेरिकी हुनेछन् । उनले 'आगामी दिनमा' सम्झौतामा हस्ताक्षर हुनसक्ने बताएका छन् । संयुक्त राज्य अमेरिकाले राष्ट्रिय सुरक्षाका कारण टिकटकको अमेरिकी सञ्चालन बाइटडान्सबाट अलग गर्न दबाब दिँदै आएको थियो । पूर्वराष्ट्रपति जो बाइडेनको नेतृत्वमा कङ्ग्रेसले बाइटडान्सलाई आफ्नो अमेरिकी कारोबार बेच्न वा प्रतिबन्ध भोग्नुपर्ने कानून पास गरेको थियो । अमेरिकी नीतिनिर्माताले चीनले टिकटकमार्फत् अमेरिकी प्रयोगकर्ताको डेटा सङ्कलन गर्न सक्ने वा तिनको सामाजिक सञ्जालमा देख्ने सामग्रीलाई प्रभाव पार्न सक्ने चेतावनी दिएका थिए । तर ट्रम्पले आफ्नो सन् २०२४ को चुनावी अभियानमा युवाबीच लोकप्रिय टिकटकलाई सक्रिय रूपमा प्रयोग गरेका थिए । ट्रम्पले प्रतिबन्ध कार्यान्वयनमा ढिलाइ गर्दै सम्झौता खोजिरहेका बेला ओरेकललगायतका लगानीकर्ताले टिकटक खरिद गर्न रुचि देखाएका छन् । ओरेकल ट्रम्पका प्रमुख समर्थक तथा विश्वकै धनी मध्ये एक ल्यारी एलिसनको स्वामित्वमा रहेको टेक कम्पनी हो । लेभिटका अनुसार टिकटकको डेटा र गोपनीयता व्यवस्थापन ओरेकलले गर्नेछ, एल्गोरिदम पनि अमेरिकाको नियन्त्रणमै रहनेछ । उनले भने, "यी सबै विवरणमा सहमति भइसकेको छ, अब सम्झौतामा हस्ताक्षर मात्र गर्न बाँकी छ ।" ह्वाइट हाउसमा पत्रकारको प्रश्नको जवाफ दिँदै ट्रम्पले भने, "हामीसँग महान् अमेरिकी देशभक्त छन् जसले टिकटक किनिरहेका छन् । धेरै महत्त्वपूर्ण व्यक्तिहरू संलग्न छन् ।" सातौं बोर्ड सदस्य भने पछि घोषणा हुने उनले बताएका छन् । शुक्रबार ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबीचको फोन वार्तामा टिकटक सम्झौताबारे छलफल भएको थियो । ट्रम्पले सीले सम्झौतामा समर्थन गरेको दाबी गरे पनि चीनले औपचारिक पुष्टि गरेको छैन ।

"हामीसँग कडा नियन्त्रण हुनेछ", ट्रम्पले भने, "टिकटकको ठूलो मूल्य छ, र म अलिकति पूर्वाग्रही छु किनभने मैले यसमा राम्रो गरेको छु ।" वाल स्ट्रिट जर्नलका अनुसार सम्झौतामा अमेरिकी सरकारले लगानीकर्ताबाट अर्बौं डलर शुल्क पनि प्राप्त गर्न सक्ने सम्भावना छ ।

## भ्रष्टाचार र नयाँ पेन्सन कानुनविरुद्ध पेरुमा आन्दोलन चर्कियो, लिमा शहरमा प्रहरीसँग झडप

***काठमाडौं,०५ असोज ।***



पेरुको राजधानी लिमा शहरमा शनिबार सरकारविरोधी प्रदर्शनमा सहभागी सयौं प्रदर्शनकारी र सुरक्षाकर्मीबीच झडप भएको छ । प्रदर्शनकारीहरूले ढुङ्गा र लट्ठी प्रहार गर्दा प्रहरीले अश्रुग्यास प्रयोग गरेर भीड नियन्त्रणमा लिएको थियो । 'जेनेरेसन जेड' नामक युवाहरूको समूहले आयोजना गरेको यो प्रदर्शन हाल देशमा फैलिँदो सङ्गठित अपराध, सार्वजनिक पदमा देखिएको भ्रष्टाचार र हालै पारित गरिएको पेन्सन सुधारसम्बन्धी कानुनको विरोधमा गरिएको हो । प्रदर्शनमा सहभागी ५४ वर्षीया ग्लाडिसले भने, 'आजभन्दा पहिले देशमा बढी लोकतन्त्र थियो । अब स्थिति झन् बिग्रँदै गएको छ ।' प्रदर्शनका क्रममा झण्डै पाँच सयजना मानिस लिमा शहरको केन्द्रमा भेला भएका थिए । प्रदर्शन शान्तिपूर्ण रूपमा सुरु भए पनि कार्यपालिका र संसद भवनतर्फ अगाडि बढ्ने प्रयास गर्दा स्थिति तनावपूर्ण बन्यो । त्यसपछि सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडप भएको हो । प्रदर्शनमा सहभागी एक युवा सेलेन अमासिफुएनले भने, 'संसदसँग जनताको कुनै विश्वास बाँकी छैन । अहिलेको संसदले देशमा अव्यवस्था मात्र फैलाएको छ ।' स्थानीय रेडियो एक्सितोसाका अनुसार, झडपका क्रममा संस्थाका पत्रकार र क्यामेराम्यान पनि सुरक्षाकर्मीको छर्राबाट घाइते भएका छन् । प्रहरी प्रशासनका अनुसार, कम्तीमा तीन जना प्रहरी जवान पनि घाइते भएका छन् । हाल राष्ट्रपति पदमा रहेकी डिना बोलुआर्टेको लोकप्रियता घट्दो क्रममा छ । देशमा जबर्जस्ती असुली र अपराधका घटना बढ्दो रहँदा जनतामा सरकारप्रति असन्तुष्टि बढेको देखिएको छ । सर्वेक्षणहरूमा जनताको सरकार र संसदप्रति विश्वास कमजोर हुँदै गएको देखिएको छ ।
यसै साता संसदले पारित गरेको नयाँ कानुन अनुसार युवा वर्गलाई निजी पेन्सन कोषमा अनिवार्य रूपमा आबद्ध गराइने व्यवस्था गरिएको छ । तर, अस्थिर रोजगारीको वातावरणमा यस्तो व्यवस्था अन्यायपूर्ण भएको भन्दै आलोचना भइरहेको छ । रासस

## डोनाल्ड ट्रम्पलाई भेट्दै छन् पाकिस्तानी प्रधानमन्त्री शरीफ

***काठमाडौं,०५ असोज ।***

पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरीफले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेट्दै छन् ।
शरिफले मंगलबार न्युयोर्कमा सुरु हुने संयुक्त राष्ट्र संघको महासभाको ८०औं सत्रमा पाकिस्तानको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै छन् । प्रधानमन्त्री शरीफले महासभा सत्रको छेउमा अमेरिकी राष्ट्रपति ट्रम्प र अन्य मुस्लिम देशका नेताहरूसँग भेट लेखेको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको बीबीसी उर्दूले लेखेको छ । यस बैठकमा क्षेत्रीय र विश्वव्यापी शान्ति र सुरक्षाबारे छलफल हुने बताइएको छ । भ्रमणमा पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दार पनि प्रधानमन्त्रीसँगै हुनेछन् । यस भ्रमणको क्रममा शरीफले इजरायल-गाजा द्वन्द्व समाधान गर्ने ।

### परजीवी समूहले................

त्यसको ठेगान हुँदैन । खेल-तमासा र मनोरञ्जनमा रमाए पनि नेपालका जेन-जीहरू आफ्ना आमाबाबु र परिवारप्रति संवेदनशील रहन्छ ।
यस्तो स्वभावका नेपालका जेन-जी पुस्ताको नाममा विध्वंसक आन्दोलनको रोटी सेक्ने काम कसले गऱ्यो ? अहिलेको परिवेशमा सबभन्दा बढी केलाउनुपर्ने यो निकै महत्त्वपूर्ण र संवेदनशील पक्ष हो । विभिन्न पार्टीका नेतृत्व गर्ने नेताहरूको अतिशय ठस्सा, अहंकारी स्वभाव, जनतासँग गर्ने कपटपूर्ण व्यवहार र द्रव्यलोलुप चरित्र मात्रै यो विध्वंसक आन्दोलनको कारक हुन सक्दैन । जनआक्रोश बढाउन सत्तासीन व्यक्तिहरूको अराजनीतिक र असंवेदनशील चरित्रले पक्कै मद्दत गरेको छ ।तर, आन्दोलनलाई विध्वंसक बनाउन यहाँका टाठाबाठा परजीवी समूहको स्वार्थले सबभन्दा बढी काम गरेको छ । साभार ईकान्तिपुर ।

### स्विट्जरल्यान्डको......

अनुगमन गर्ने अधिकार शक्ति पृथकीकरणको सिद्धान्तको विपरीत भएन र ? भनेर सोधिएको प्रश्नमा संवैधानिक कानुनका ज्ञाता तथा फ्रिबुर्ग विश्वविद्यालयका कानुनका प्राध्यापक बर्नहाड वाल्डमानले जवाफ दिए- हामीकहाँ अदालतभन्दा माथि संसद् र संसद्भन्दा माथि नागरिक छन् । संसद्, सरकार, अदालत आदि सबै जनताको प्रत्यक्ष लोकतन्त्र (डाइरेक्ट डेमोक्रेसी) मा आधारित छन् । आफ्नो सीमाभन्दा बाहिर जाने साहस कसैले पनि नगर्ने उनको भनाइ थियो ।स्विस संघीयताबाट सिक्नुपर्ने विषयहरू धेरै छन् । त्यहाँ मन्त्रीहरूको संख्या राष्ट्रपतिसहित जम्मा ७ जना हुने व्यवस्था संविधानमा छ (धारा १७५) । उनीहरूको कार्यकाल ४ वर्षको हुन्छ । उनीहरूको नियुक्ति दुवै सदनले गर्छ । गैरसांसद मात्र राष्ट्रपति र मन्त्री हुन पाउने व्यवस्था छ । राष्ट्रपतिको कार्यकाल एक वर्षको हुन्छ । एक वर्षपछि ऊ मन्त्री बन्छ । आफ्नै मन्त्री राष्ट्रपति हुन्छ । हामीकहाँ 'म उपप्रधानमन्त्री भइसकेको, अब किन मन्त्री बन्ने ?' भनेर दम्भ राख्छन् । साभार ईकान्तिपुर ।

### बीरगन्जमा हैजा..........

पनि पानीमा हैजाको जीवाणु भेटिएको छैन । जिल्ला स्वास्थ्य कार्यालयका प्रवक्ता जयमोद ठाकुरका अनुसार स्थानीय स्वयं सचेत नबनेसम्म संक्रमण नियन्त्रण कठिन छ । 'धेरैले अझै पनि पानी उमालेर पिउने बानी बसालेका छैनन्,' उनले भने, 'खानेपानी शुद्धीकरण नगरी सेवन नगर्ने बानी बसाल्नु नै अहिलेको सबैभन्दा ठूलो औषधि हो ।'

### नेपालमै पहिलो पटक..

पुगेर विशेष पूजा-आराधनासहित समापन गरिने जानकारी सर्राफले दिए ।

देश र समाजको हित तथा र मंगल कामनाका लागि 'चुनरी यात्रा' आयोजना गर्न लागिएको भन्दै उनले 'चुनरी यात्रा' का लागि कुनै पनि प्रकारको आर्थिक सहयोग कसैबाट नलिएको स्पष्ट पारे । साथै उनले 'चुनरी यात्रा' मा सहभागी हुन सम्पूर्ण हिन्दु श्रद्धालुहरूलाई आह्वानपनि गरे ।

### मुख्यमन्त्री सिंहको.....

सत्ता समीकरण फेरि अस्थिर बन्ने सम्भावना देखिएको छ ।

### दसैं व्यापार : नेपाली...

दैनिक डेढ लाखसम्मको कपडा बिक्री हुन्थ्यो, तर आजको दिनमा मुस्किलले ५० हजारको कारोबार भइरहेको छ । यो भनेको एकदम मन्दी हो ।'दसैं सुरु भइसक्दा पनि बजारमा सर्वसाधारणको चहलपहल नदेखिएकाले आफैं चकित परेको उनको भनाइ छ । उनले भने, 'बजारमा थोरै चहलपहल देखिन्छ, तर ती व्यक्ति पनि नेपाली बजारमा किनमेल नगरेर भारतीय बजार (रक्सौल) जाने गरेका छन् ।'घण्टाघर नजिकै कपडा पसल चलाइरहेका अब्दुलाह मियाँको दुखेसो पनि उस्तै छ । दसैंलाई लक्षित गरेर पसलमा विभिन्न किसिमका कपडा ल्याए पनि त्यसअनुरुप व्यापार हुन नसकेको उनको भनाइ छ । यही अवस्था रहे यो वर्षको दसैंले व्यवसायीलाई ठूलो सङ्कट निम्त्याउने देखिन्छ ।'अरुवेला व्यापार नभए पनि दसैंमा त होला भन्ने आशामा व्यापारी बसेका हुन्छन्,' मियाँले भने, 'दसैंमा पनि नभएको व्यापार कहिले हुन्छ ?'कपडामात्रै नभई पूजासामग्रीको व्यापार पनि नाजुक छ । दसैं सुरु भएता पनि पूजा सामग्रीको कारोबार राम्रो नभएको व्यवसायी बताउँछन् ।वीरगन्जकै माईस्थानमा चोकमा लामो समयदेखि पूजा सामग्री बेच्दै आएका व्यापारी पिन्टु गुप्ताले भने, 'अहिले बजारको अवस्था डमाडोल छ, जुनकारणले गर्दा आजसम्म हाम्रो व्यापार पनि अपेक्षित छैन ।

# स्वास्थ्य

## गर्भावस्थामा किन गरिन्छ "फेटल अल्ट्रासाउन्ड" ?



गर्भवती भए पछि महिलाको स्वास्थ्य अवस्थाबारे थाहा पाउन विभिन्न जाँच गरिन्छ । सो परीक्षणले गर्भमा रहेको शिशुको स्वास्थ्य र विकासको बारेमा जानकारी दिनुको साथै यसबाट आमा र बच्चाको स्वास्थ्य अवस्था र सम्भावित जोखिमबारे आङ्कलन गर्न सकिन्छ । ती परीक्षण मध्ये एक परीक्षण हो, 'फेटल भ्रूण' अल्ट्रासाउन्ड । यो परीक्षण विधिलाई 'सोनोग्राम' पनि भनिन्छ ।

**भ्रूण अल्ट्रासाउन्ड किन गरिन्छ ?**

अल्ट्रासाउन्ड एउटा इमेजिङ विधि हो जसले गर्भमा रहेको बच्चाको छवि बनाउन ध्वनि तरङ्गहरू प्रयोग गर्छ । यो परीक्षणले बच्चालाई कुनै समस्या भएमा पत्ता लाग्छ । सो अल्ट्रासाउन्डले गर्भमा हुर्किरहेको बच्चाको अवस्थाबारे तस्विरको माध्यमबाट दिन्छ । यो अल्ट्रासाउन्ड सामान्यतया गर्भावस्थाको पहिलो त्रैमासिकमा गर्भावस्था पुष्टि गर्न र कति समय देखि गर्भवती भएको थाहा पाउनको लागि गरिन्छ । अल्ट्रासाउन्डले बच्चाको मुटु, टाउको, मेरुदण्ड र शरीरका अन्य भागहरू पनि जाँच गरिन्छ । पाठेघरमा बच्चाको लागि आवश्यक 'एम्नियोटिक तरलता'को मात्रा मापन गरिन्छ । यो तरल पदार्थ कम भएमा बच्चालाई पाठेघरमा खेल्न गाह्रो हुन्छ । जसले बच्चाको घाँटी, आन्द्रा वा मिर्गौलामा असर गर्छ । कहिलेकाहीँ प्रसवको तयारी नपुग्दै सो साल फुट्न सक्छ । यस्तोमा बच्चाको अवस्था हेर्न अल्ट्रासाउन्ड गरी पाठेघरमा साल टासिएँको छ की भनेर हेरिन्छ । पाठेघरको मुख वा मुख वरपर टासिँएको खण्डमा रगत बग्ने खतरा हुन्छ । सो पहिचानको लागि पनि अल्ट्रासाउन्ड अति महत्वपुर्ण जाँच विधि हो । पानीको मात्रा २६ सेमीभन्दा बढी भएमा आमालाइ मधुमेह हुन सक्ने अनुमान गरिन्छ ।
अल्ट्रासाउन्डबाट मुटुको धड्कन, बच्चाको उल्टो, तेस्रो वा सुल्टो स्थिति थाहा पाउन सकिन्छ । उल्टो वा तेस्रो भएमा शल्यक्रिया गरी सुरक्षित तबरले जन्माउन सल्लाह दिइन्छ । यदि गर्भावस्थामा कुनै समस्या छैन भने अर्को अल्ट्रासाउन्ड दोस्रो त्रैमासिकमा गरिन्छ । पहिलो परीक्षण मै समस्या देखिए डाक्टरले अल्ट्रासाउन्ड पछि अन्य परीक्षणका लागि सिफारिस गर्न सक्छन् । **ट्रान्सभ्याजिनल अल्ट्रासाउन्ड** यस प्रकारको अल्ट्रासाउन्डमा लठ्ठी जस्तो वस्तु प्रयोग हुन्छ । जसलाई ट्रान्सड्यूसर भनिन्छ । ध्वनि तरङ्गहरू भ्रूणमा पठाउन र सही तस्बिरहरू प्राप्त गर्न सकोस् भनेर यो यन्त्रलाई योनीमा राखिन्छ ।

ट्रान्सभ्याजिनल अल्ट्रासाउन्ड गर्भावस्थाको प्रारम्भिक चरणमा गरिन्छ । मानक अल्ट्रासाउन्ड: यसमा, ध्वनि तरङ्गहरू कम्प्युटर स्क्रिनमा दुई-आयामी चित्र बनाउन प्रयोग गरिन्छ । डपलर अल्ट्रासाउन्ड: यो अल्ट्रासाउन्डले बच्चाको शरीरमा रगत प्रवाहको बारेमा पनि जानकारी दिन्छ । ३-डी अल्ट्रासाउन्ड: यो अल्ट्रासाउन्डले बच्चामा अनुहारको समस्या वा न्यूरल ट्युब दोषहरू पत्ता लगाउन मद्दत गर्छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# दसैं व्यापार : नेपाली बजार सुनसान, भारतीय बजार गुलजार

***बीरगन्ज,०५ असोज ।***

हिन्दु धर्मावलम्बीको मुख्य पर्व दसैं भोलिदेखि सुरु हुँदैछ । नवरात्रिको पहिलो दिन सोमबार घटस्थापना हो । घटस्थापनाको दिनदेखि विधिवत् रूपमा दसैं भित्रिएको मानिन्छ ।दसैंलाई कतिपयले नयाँ र राम्रा लुगा लगाउने, मिठो खाने पर्वका रूपमा पनि लिन्छन् । त्यसैले दसैंका लागि किनमेल गर्नेहरूको घुइँचो बजारमा हुने गर्दछ । व्यापारी-व्यवसायीहरूले पनि दसैंलाई कारोबारको मुख्य सिजन मानेर सामान मगाउने र विक्री गर्ने गर्दछन् । यो वर्ष बजारमा दसैंको चहलपहल खासै देखिएको छैन । नेपाली बजारमा दसैंका लागि गरिने किनमेलमा मन्दी छाएको व्यवसायी बताउँछन् । वीरगन्ज बजारमा दसैंका लागि किनमेल गर्न आसपासका विभिन्न जिल्लाबाट मानिस ओइरिने गर्दथे । रौतहट, बारा, मकवानपुर लगायतका जिल्लाबाट समेत दसैंका लागि लत्ता-कपडा र अन्य आवश्यक





सामान किन्न मानिसहरू वीरगन्ज आउने गर्दथे । घटस्थापनाको एक-दुई दिन अगाडि बजारमा निकै चहलपहल भइसकेको हुन्थ्यो तर अहिले बजार सुनसानजस्तै रहेको वीरगन्जका व्यापारी बताउँछन् । पोहोर साल घटस्थापनासम्मको तुलनामा यो वर्ष ५० प्रतिशतभन्दा कम कारोबार भएको स्थानीय व्यापारीहरूको भनाइ छ । वीरगञ्जको तुलनामा भारतीय बजार रक्सौलमा भने ग्राहकको भिड बढ्ने गरेको छ । दसैंका लागि किनमेल गर्न भारतीय बजारमा भने नेपालीहरूको लर्को नै छ । वीरगन्जको माईस्थान चोकस्थित न्यू लक्ष्मी कपडा पसलमा कार्यरत सन्तोष कुमार रौनियारका अनुसार यो वर्षको दसैंमा व्यापार एकदम कम छ । गत वर्षको यही अवधिको तुलनामा अहिले ५० प्रतिशतभन्दा कम व्यापार रहेको उनको भनाइ छ ।रौनियारले भने, ' यही समयमा पोहोर सालको दसैंमा

बाँकी तेश्रो पृष्ठमा

# डेडिकेटेड लाइनको बक्यौता उठाउन प्राधिकरणको तयारी

***काठमाडौं,०५ असोज ।***

नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनको बक्यौताबापतको करिब २५ अर्ब रुपैयाँ उठाउन विशेष पहल गर्ने भएको छ । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले यससम्बन्धी निर्णयका लागि सोमबार वा मंगलबार नै बोर्ड बैठक बस्ने तयारी भएको बताएका छन् । भर्खरै ऊर्जा मन्त्रालयको जिम्मेवारी सम्हालेका कुलमान घिसिङले विद्युत् बक्यौता उठाउने पहिलो निर्णय गरेलगत्तै प्राधिकरणले यसलाई कार्यान्वयनमा लैजान लागेको हो । कार्यकारी निर्देशक शाक्यले ऊर्जा मन्त्री नै प्राधिकरणको बोर्ड अध्यक्ष हुने हुँदा बोर्डको निर्णयपछि बक्यौता उठाउन कुनै समस्या नहुने स्पष्ट पारेका छन् । 'बक्यौतासम्बन्धी जुन मन्त्रीज्यूको निर्णय छ, यसलाई हामीले कार्यान्वयन गर्छौं,' उनले भने, 'भोलि अथवा पर्सिमै बोर्ड बैठक बस्छ ।' सअघि पनि कुलमान घिसिङ प्राधिकरणको कार्यकारी निर्देशक हुँदा बक्यौता नतिर्ने उद्योगहरूको लाइन काट्ने प्रयास गरेका थिए । तर, तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल र केपी शर्मा ओलीको दबाबपछि लाइन पुनः जोड्न निर्देशन दिइएको थियो । लोडसेडिङको समयमा उद्योगहरूलाई २४ घण्टा नै बिजुली उपलब्ध गराइएको थियो, तर कतिपय उद्योगीहरूले प्रयोग नै नगरेको बिजुलीको समेत बिल आएको भन्दै महसुल तिर्न मानेका छैनन् । यही विवादका कारण २५ अर्ब रुपैयाँको बक्यौता लामो समयदेखि उठेको छैन ।

# रौतहटमा तीन छोरालाई "कर्तव्य ज्यान मुद्दा"मा फसाएको परिवारको आरोप

***रौतहट,०५ असोज ।***

रौतहटको कटहरिया नगरपालिका-५ का रामचन्द्र दास सरभंग र उनकी श्रीमती पुकारी देवी सरभंगले आफ्ना तीन छोरालाई अनुसन्धानविनै कर्तव्य ज्यान मुद्दामा फसाइएको आरोप लगाएका छन् । शनिबार गौरमा पत्रकार सम्मेलन गर्दै पीडित परिवारले इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीमाथि राजनीतिक-आर्थिक चलखेलमा मुख्य दोषीलाई उम्काएर दलित परिवारका तीन छोरालाई अन्यायपूर्वक आरोपित बनाएको दाबी गरे । पुकारी देवी सरभंग, जो वडा सदस्यसमेत हुन्,ले भनिन्–"मोबाइल चोरी प्रकरणका वास्तविक संलग्नलाई उम्काएर, हाम्रो परिवारलाई उठिबास गराउने नियतले मुद्दा चलाइयो । अनुसन्धानविनै छोराहरूलाई किटानी जाहेरीमा फसाइएको छ ।" स्थानीय



शंकर साह कलवार, राजकुमार यादव, छोटेलाल साहलगायतले पनि प्रहरीमाथि ज्यादती र पक्षपातपूर्ण व्यवहार गरेको आरोप लगाउँदै सत्यतथ्य छानबिनको माग गरे ।साउन १ गते कटहरिया-४ का सञ्जय र विजय यादवले नसिब बैठालाई मोबाइल चोरीको आरोपमा कुटपिट गरेका थिए । पछि चोरी भएको मोबाइल उनीहरूकै घरमा भेटिएको थियो । तर भदौ ११ गते स्वास्थ्य समस्या देखिएको नसिबको मृत्यु भयो । मृत्युपछि नसिबकी आमाले पाँच जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गराइन् । त्यसअनुसार रामचन्द्रका छोराहरू गर्भु, प्रभु र शम्भुसहित सञ्जय र विजयमाथि मुद्दा चलाइएको हो । डीएसपी राजन कार्कीले पीडित परिवारको आरोपलाई निराधार भन्दै भने, "मुद्दा दर्ता भइसकेको छ । दोषी-निर्दोष ठहर गर्ने काम अदालतको हो । अनुसन्धान जारी छ, निर्दोष भए अदालतबाट छुट्नेछन् ।


# काउलीमा लुकाइएका ३३४ किलो गाँजा बरामद

***रौतहट,०५ असोज ।***

प्रहरीले रौतहटको ईशनाथ नगरपालिका-८ मोतीपुर नजिकै काउली बोकेको पिकअप भ्यानबाट ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । प्रहरीका अनुसार प्रदेश ३-०१-०२२ च १८६१ नम्बरको पिकअप भ्यानमा भारततर्फ लैजाने तयारीसहित ३३४ किलो गाँजा लोड गरिएको थियो । रामपुर प्रहरी चौकीका असई अमोद साफीको नेतृत्वमा खटिएको टोलीले राति करिब ८ बजे नियमित चेकजाँचका क्रममा गाँजा फेला पारेको हो । भ्यानको माथिल्लो भागमा करिब २० पोका काउली राखिएको थियो भने तल लुकाइएका २६ पोका खोल्दा गाँजा भेटिएको प्रहरीले जनाएको छ । तर, प्रहरी देख्नेबित्तिकै गाडी चालक फरार भएका कारण भ्यान नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी राजु कार्कीले जानकारी दिए ।

# फागुन २१ मा चुनाव, के छ दलहरूको तयारी ?

***काठमाडौं,०५ असोज ।***



जेन-जी आन्दोलनको बलमा प्रतिनिधिसभा विघटन भई घोषणा भएको निर्वाचनमा जान राजनीतिक दलहरूले आन्तरिक छलफल सुरु गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री सुशीला कार्कीको सिफारिशमा फागुन २१ मा निर्वाचन घोषणा गरेपछि दलहरू आन्तरिक तयारीमा जुटेका हुन् । पार्टीभित्र र बाहिर निर्वाचनका लागि वातावरण बनाउन दबाबसमेत आउन थालेको छ । प्रमुख राजनीतिक दल कांग्रेस, एमाले र माओवादीले आलोपालो नेतृत्व गरेका सरकारले भ्रष्टाचार, सुशासनलगायतका आम मानिसका चाहना सम्बोधन गर्न नसकेपछि जेन-जी आन्दोलनका बलमा प्रतिनिधिसभा विघटन भएको छ । प्रतिनिधिसभामा रहेका आठ दलले संसद् विघटन असंवैधानिक भएको दाबी गरे पनि निर्वाचनको मिति घोषणा भइसकेकाले दलहरूले निर्वाचन अनुकूल कार्यक्रम बनाउन केन्द्रदेखि स्थानीय समितिसम्म छलफल सुरु गरेका छन् । त्यस्तै नेताहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा आगामी निर्वाचनको रणनीतिबारे गृहकार्य गर्न थालेका छन् । कांग्रेस केन्द्रीय कार्य समितिको शुक्रबार भएको बैठकमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले जेन-जी आन्दोलनको बलमा संसद् विघटन भई विशिष्ट परिस्थिति उत्पन्न भएकाले पार्टी निर्वाचनमा होमिनपर्ने धारणा राखेका छन् । सभापति शेरबहादुर देउवा पक्षका नेताहरूले संसद् पुनःस्थापना गर्नुपर्ने धारणा राखे पनि थापा र शर्माले जेन-जी आन्दोलनको भवनाअनुसार घोषित मितिमै निर्वाचनमा जानुपर्ने बताएका थिए । 'जेन-जी आन्दोलनपछि विशिष्ट परिस्थितिमा अन्तरिम सरकार बनेको छ । अब निर्वाचनको प्रक्रियामा गएर नै ताजा जनादेशसहित संसद् ल्याउन सकिन्छ । अहिले फरक राजनीतिक चुनौती उत्पन्न भएको छ । 'यो बेलामा दायाँबायाँ होइन, निर्वाचनलाई प्रमुख उद्देश्य बनाउनुपर्छ,' थापा र शर्माको भनाइ थियो, 'राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेको अवस्था छ । राष्ट्रिय सभा, प्रदेशसभा र स्थानीय निकायमा जनप्रतिनिधि कायम छन् । अब कांग्रेसले निर्वाचनमा सबैलाई लिएर जाने वातावरण बनाउनुपर्छ ।' कांग्रेसमा महामन्त्रीद्वय थापा र शर्माले जेन-जी आन्दोलनको भावनाअनुसार पनि निर्वाचनलाई सफल बनाउनुपर्नेमा जोड दिएका छन् । उनीहरूले निर्वाचनमा गएर ताजा प्रतिनिधिसभा बनाउन उचित हुने बताएका छन् । 'अब ताजा प्रतिनिधिसभाका लागि फागुन २१ को निर्वाचनमा जानुपर्छ,' महामन्त्री शर्माले भने, 'निर्वाचनमा जान दलहरूले साथ र सजगताका साथ दबाब दिनुपर्छ ।' उनले निर्वाचन सम्पन्न गराउने विषयमा दलहरूबीच छलफल सुरु गर्नुपर्ने बताए । 'अहिलेको अवस्थामा निर्वाचनको वातावरण बनाउन अरु दलहरूसँग पनि छलफल गर्नुपर्छ,' उनले भने । जेन-जी आन्दोलनले विस्थापित पछिल्लो सरकारको नेतृत्व गरेको एमालेभित्र पनि प्रतिनिधिसभा विघटनपछि उत्पन्न परिस्थितिको समीक्षा सुरु भएको छ । राष्ट्रपतिबाट निर्वाचन घोषणा भइसकेकाले त्यही दिशामा अघि बढ्न एमालेलाई पनि दबाब छ । एमालेभित्र निर्वाचनलाई मिसन बनाएर अघि बढ्नुपर्ने पक्षमा नेताहरू खुल्न थालेका छन् । उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले निर्वाचन निष्पक्ष, पारदर्शी, भयरहित वातावरण बनाउनुपर्ने उल्लेख गर्दै लोकतन्त्र, राष्ट्रियता, संघीयता बलियो बनाउनु निर्वाचनमा जान उचित हुने बताइन् । 'प्रतिनिधिसभा विघटन भएपछि अप्ठ्यारो परिस्थिति उत्पन्न भएको छ । सरकारले अप्ठ्यारो अवस्थालाई सहज बनाएर निर्वाचनको वातावरण बनाउनुपर्छ,' उनले भनिन्, 'पार्टीहरूसँग चुनावमा जानुबाहेक अरु उपाय छैन । चुनाव होला कि नहोला भन्ने आशंका मेटाउनुपर्छ ।' पूर्वकानुनमन्त्रीसमेत रहेका एमाले नेता पदम गिरीले जेन-जी आन्दोलनपछि विशिष्ट परिस्थितिमा सरकार बनेकाले विवाद र अलमलमा नपरी पार्टीहरू निर्वाचनमा जानुपर्ने बताए ।


## जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू

- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगुर-बँगुर, घोडा जस्ता घरपालुवा चरा-चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौँ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔँ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौँ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौँ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौँ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ। यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. १११५ मा फोन गर्नुहोस्।

जगरनाथपुर गाँउपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा



जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा